मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : ५१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ पुस २२ गते बिहीवार (Thursday, January 6. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## मोबाइल र ल्यापटप चोर्ने प्रहरी नियन्त्रणमा

**झापा, पुस २१।** चोरी गरेको २१ थान मोबाइल, २ थान ल्यापटप र ४ थान ल्यापटपको चार्जर सहित ४ जनालाई गोकर्णेश्वर-८ आरुबारीबाट प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा काठमाडौं गोकर्णेश्वर नगरपालिका-६ गोकर्ण बस्ने २० वर्षीय निशान डंगोल, काठमाडौं मुलपानी बस्ने सिन्धुपालाञ्चोक जुगल गाउँपालिका-३ घर भएका २५ वर्षीय फुर्बा लामा, काठमाडौं गोकर्णेश्वर नगरपालिका-८ बेसिगाउँ बस्ने सिन्धुपाल्चोक जुगल गाउँपालिका-३ घर भएका २२ वर्षीय सुमन तामाङ र सोही ठाउँका २० वर्षीय कृष्ण तामाङ रहेका छन् ।

# दिदीबहिनीलाई बेचेर यौनकार्यमा लगाउने पक्राउ

**काठमाडौं, पुस २१।** पोखरामा काममा लगाइदिने बहानामा महिलालाई बेहोस पारी भारतमा पुऱ्याएर बिक्री गरेको रहस्य खुलेको छ ।

नेपाल प्रहरीको मानव बेचविखन अनुसन्धान व्यूरोका अनुसार यसरी महिलालाई बिक्री गरेको आरोपमा प्रहरीले नुवाकोटको बालकुमारीका अनिशा भन्ने फूलमाया तामाङलाई पक्राउ गरेको छ ।

उनले पोखरामा घरायसी काममा राम्रो कमाइ हुन्छ भनी ती महिलालाई प्रलोभनमा पारी भारत पुऱ्याएर बेचेको ब्यूरोका प्रहरी उपरीक्षक राजेन्द्रप्रसाद धमलाले जानकारी दिए । शुरुमा उनले चाउमिनमा बेहोस हुने औषधि मिसाएर बेहोस पारी लगेका र होस् खुल्न लाग्दा पुनः कोकमा औषधि मिसाएर बेहोस बनाउँदै भारत पुऱ्याएको पीडितको बयान छ । उनले पीडितका दिदीबहिनीलाई नै यसरी पुऱ्याएको पनि खुल्न आएको छ । उनीहरुलाई छट्टाछुट्टै कोठीमा पुऱ्याएर बिक्री गरेको व्यूरोको दाबी छ ।

भारतको कोठी सञ्चालकले उनलाई रु. तीन लाखमा किनेको भनी यौन कार्यमा लगाएको पीडितको जाहेरीमा उल्लेख छ । उनीहरुलाई भारतको मुम्बई, कोलकाता, बिहारलगायत विभिन्न क्षेत्रमा पुऱ्याएर वेश्यावृत्तिमा लगाएको पाइएको छ । एक दिन बजारमा खाजा लिन



पठाएको मौका पारेर उनी त्यहाँबाट भाग्न सफल भएको अवस्थामा भारतीय प्रहरीले सुरक्षासहितको सहायतामा त्यहाँबाट नेपाली राजदूतावास तथा विश्व सेवा संस्थाको सहयोगमा गत असोजमा नेपाल फर्कन सफल भएको पीडितको भनाइ छ ।

पीडितको जाहेरीका आधारमा खोजी गर्दा काठमाडौँको बूढानीलकण्ठ- १० कपनबाट तामाङ पक्राउ परेको प्रहरीले जनाएको छ । उनीमाथि मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ बमोजिम मुद्दा अघि बढाइएको प्रहरी उपरीक्षक धमलाले जानकारी दिए ।

## बिक्रीका लागि भन्दै १०० महिलाको तस्वीर अनलाइनमा राखेपछि...

**काठमाडौं, पुस २१।** भारतीय प्रहरीले एउटा एपमार्फत 'विक्रीमा रहेका' भन्दै १०० जना मुसलमान महिलाको तस्वीर अनलाइनमा राखेको घटनाका सम्बन्धमा एक जना १८ वर्षीया युवतीसहित तीन जनालाई पक्राउ गरेको छ ।

उक्त प्रकरणमा संलग्न रहेको आशङ्कामा दुई जना २१ वर्षका पुरुष र १८ वर्षकी महिलालाई पक्राउ गरेर सोधपुछ भइरहेको प्रहरीले जनाएको छ । मुम्बईको प्रहरीले यो मामिलामा थप गिरफ्तारी हुनसक्ने उल्लेख गरेको छ ।

मुम्बईका प्रहरी कमिस्नर हेमन्त नाग्रालेले अहिले नै कसले एप बनायो र त्यसको उद्देश्य के हो भनेर जानकारी सार्वजनिक गर्नु अलि चाँडै हुने बताए । उक्त एपलाई वेब प्लेटफर्म गिटहबमा राखिएको थियो । चर्को आक्रोश व्यक्त भएपछि हाल त्यसलाई हटाइएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

# अर्जुनधाराको चार बर्षे उपलब्धि सार्वजनिक



अमित खम्बू

**अर्जुनधारा, पुस २१।** बितेको चार आर्थिक वर्षमा भएको मुख्य उपलब्धीहरु सार्वजनिक गर्दै अर्जुनधारा नगरपालिकाको १०औं नगरसभा बुधबारदेखि शुरु भएको छ ।

अर्जुनधारा-७स्थित सामूहिक उद्धार तथा उपकार संघको सभाहलमा आयोजित सभाको पहिलो बैठकमा उपप्रमुख एवम् बजेट तर्जुमा उपसमितिकी संयोजक कमला खतिवडा आचार्यले चार वर्षमा नगरपालिकाबाट सम्पादन भएका मुख्य उपलब्धीहरु उल्लेख भएको प्रतिवेदन सार्वजनिक गरेकी थिइन् । प्रतिवेदन अनुसार पूर्वाधार तथा विकास निर्माण क्षेत्र अन्तर्गत नगरपालिकामा जम्मा १३.६ कि.मी. सडक कालोपत्रे गरिएको छ ।

जसअनुसार अर्जुनधारा-१मा पाँच सय मिटर, अर्जुनधारा-२मा पाँच सय मिटर, अर्जुनधारा-३मा छ सय मिटर, अर्जुनधारा-४मा पाँच सय मिटर, अर्जुनधारा-५मा पाँच सय मिटर, अर्जुनधारा-६मा तीन हजार मिटर, अर्जुनधारा-७मा चार हजार दुई सय मिटर, अर्जुनधारा-८मा एक हजार नौ सय मिटर, अर्जुनधारा-९मा आठ सय मिटर, अर्जुनधारा-१० मिटर छ सय मिटर र अर्जुनधारा-११मा पाँच सय मिटर सडक कालोपत्रे भएको छ ।

त्यसैगरी १४.१५ कि.मी. सडक मर्मत गरिएको उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ । जसअनुसार अर्जुनधारा-६ र ९मा दुई हजार छ सय मिटर, अर्जुनधारा-७मा तीन सय ५० मिटर, अर्जुनधारा-८मा छ सय मिटर, अर्जुनधारा-९ र ११मा पाँच हजार मिटर, अर्जुनधारा-९ र १०मा एक हजार दुई सय मिटर, अर्जुनधारा-१० र ११मा दुई हजार मिटर, अर्जुनधारा-११मा एक हजार पाँच सय मिटर र अर्जुनधारा-१०मा नौ सय मिटर सडक मर्मत भएको छ ।

त्यस्तै चालू आर्थिक वर्षमा १२.४ कि.मी. सडक कालोपत्रे गर्ने लक्ष्य नगरपालिकाले लिएको छ ।

(बाँकी अन्तिम पृष्ठमा)

## प्रहरीलाई ५०० रुपैयाँ घुस दिन खोज्ने पक्राउ

**काठमाडौं, पुस २१।** चन्द्रागिरी नगरपालिका-७स्थित सडकमा चेकिङमा खटिएको प्रहरी टोलीलाई नगद ५ सय रुपैयाँ दिई आर्थिक प्रलोभनमा पार्न खोजेको अभियोगमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा चितवन इच्छाकामना गाउँपालिका-५ घर भएका २४ वर्षीय रोशन श्रेष्ठ र चन्द्रागिरी नगरपालिका-९ मच्छेगाउँ घर भएका ५४ वर्षीय केशव गोपाली रहेका छन् ।

महानगरीय प्रहरी प्रभाग नैकापबाट खटिएको प्रहरीले जाँच गर्दा प्रदेश ३-०२-००४ प ४९७४ नम्बरको मोटरसाइकलका चालक रोशन र मोटरसाइकलमा सवार केशवले मादक पदार्थ सेवन गरेको पाइएपछि नियन्त्रणमा लिनेक्रममा प्रहरीलाई उक्त नगद दिई आर्थिक प्रलोभनमा पार्न खोजेपछि उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरू उपर महानगरीय प्रहरी वृत्त थानकोटबाट थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ ।

## पोर्चुगल पठाइदिन्छु भन्दै ४० लाख रूपैयाँ ठगी

**काठमाडौं, पुस २१।** पोर्चुगल पठाइदिन्छु भनी रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ कोटेश्वरस्थित यूनिवर्ल्ड इन्टरनेशनल टुर एण्ड ट्राभल्स प्रालिका सञ्चालक र व्यवस्थापक गरी २ जनालाई प्रहरीले मंगलबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा ट्राभल्सका सञ्चालक काठमाडौं मैतिदेवी बस्ने वाग्लुङ गल्कोट नगरपालिका-६ घर भएका २८ वर्षीय अमृत सोती मगर र व्यवस्थापक ललितपुर महानगरपालिका-२९ हरिसिद्धी बस्ने सर्लाही बागमती नगरपालिका-१ घर भएका २४ वर्षीय समिर कार्की रहेका छन् ।

वर्किङ भिषामा पोर्चुगल जान प्रतिव्यक्ति १४ लाख रुपैयाँ लाग्छ र पोर्चुगल पुगेपछि होटल तथा कम्पनीमा काममा लगाइदिन्छु, मासिक १ लाख रुपैयाँभन्दा बढी कमाइ हुन्छ भनी प्रलोभनमा पारी विभिन्न ४ जना प्रतिव्यक्ति १० लाखका दरले ४० लाख रुपैयाँ लिई ठगी गरेको पाइएपछि महानगरीय अपराध महाशाखा मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

उनीहरूलाई थप अनुसन्धानको लागि महानगरीय प्रहरी परिसर टेकू काठमाडौंमा पठाइएको उक्त महाशाखाले जनाएको छ ।

## कोरोना भाइरस : ४३५ सङ्क्रमित

**झापा, पुस २१।** पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमण ४३५ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुधवार आयोजना गरेको पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा. संगीताकौशल मिश्राले १० हजार २६७ जनाको परीक्षण गर्दा सो संख्यामा सङ्क्रमण देखिएको जानकारी दिइन् ।

उनका अनुसार अहिलेसम्म पाँच हजार २२५ जना सक्रिय सङ्क्रमित रहेका छन् । पछिल्लो समय थप २३९ जना कोरोनाबाट निको भएर घर फर्किएका उनले बताइन् । योसँगै निको हुनेको संख्या आठ लाख १३ हजार १७६ पुगेको छ । निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

यस्तै प्रवक्ता डा. मिश्राले पछिल्लो २४ घण्टामा सङ्क्रमणबाट कसैको पनि निधन नभएको जानकारी दिइन् । अहिलेसम्म ११ हजार ६०१ जनाको सङ्क्रमणका कारणले निधन भएको छ । उनका अनुसार ५०० भन्दाबढी सङ्क्रमण भएको जिल्ला काठमाडौं, ललितपुर र भक्तपुर रहेका छन् ।

यस्तै २०० भन्दाबढी सङ्क्रमित भएका जिल्लामा सुनसरी, कास्की, बाँके र कैलाली रहेका छन् । यस्तै शून्य सङ्क्रमित भएका जिल्लामा रसुवा, मनाङ, मुस्ताङ, हुम्ला र मुगु रहेका छन् ।

## लागूऔषध नियन्त्रणमा प्रहरी सक्रियता

**झापा, पुस २१।** कचनकवल गाउँपालिका-५ बाट सोही गाउँपालिका-७ बस्ने २४ वर्षीय विनोद बस्नेत र १८ वर्षीय किशोरलाई ५

(बाँकी अन्तिम पृष्ठमा)

# काँकरभिट्टामा हेल्थ हेल्प डेक्स



**मेचीनगर, पुस २१।** नेपाल प्रवेशको पहिलो पूर्वीद्वार काँकरभिट्टामा नवनिर्मित मेचीनगर नगरपालिकाको 'काँकरभिट्टा हेल्थ हेल्प डेक्स' बुधबारबाट सञ्चालनमा आएको छ ।

सुविधासम्पन्न र वेडसहितको 'काँकरभिट्टा हेल्थ हेल्प डेक्स' को नगर प्रमुख विमल आचार्यले विधित उद्घाटन गरे लगत्तै सञ्चालनमा आएको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

मेचीनगर नगरपालिकाको 'काँकरभिट्टा हेल्थ हेल्प डेक्स' उद्घाटन समारोहका प्रमुख अतिथि समेत रहेका नगरप्रमुख आचार्यले व्यानर पढेर डेक्सको उद्घाटन गरेका थिए । सबै सीमा क्षेत्रहरुमा स्वास्थ्य चेकजाँच गर्नका लागि नेपाल सरकारले धेरै वर्षदेखि ठाउँ-ठाउँमा स्वास्थ्य केन्द्र, चौकीहरु स्थापना गरेको भन्दैं नगरप्रमुख आचार्यले कहिले औलो नियन्त्रण र रोकथामका लागि त कहिले कालोज्वरो, कहिले दादुरा तथा कहिले पोलियोका लागि यस्ता संरचना तयार गरेको बताए ।

अहिले कोभिड १९ को पहिलो दोस्रो हुदैं 'ओमिक्रोन' समेतको संक्रमण सीमावर्ती बजारमा देखिएकाले र यो संवेदनशील समय र विषेश नाका भएका कारणले पनि चिकित्सक र अन्य प्राविधिकसहितको टोलीको व्यवस्था गरेको नगरप्रमुख आचार्यको भनाइ छ । कोभिडलगायत अन्य सरुवासहित महामारी रोग नियन्त्रणमा यो डेक्सले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । उपप्रमुख मीना पोखरेल उप्रेतीले विभिन्न समयमा आउने विभिन्न खाले महामारी रोग नियन्त्रणमा नगरका सवै क्षेत्रले भूमिका खेल्न आवश्यक रहेको बताइन् ।

मेचीनगर वडानम्बर-६का वडाध्यक्ष ललितबहादुर तामाङको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज ओझा, जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य धनप्रसाद गुरुङलगयातले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत अनन्तप्रकाश वस्तीले गरेका थिए ।

कार्यक्रममा मेची भन्सार कार्यालय काँकरभिट्टाका प्रमुख भन्सार अधिकृत केशवराज ओली, इलाका प्रहरी कार्यालय काँकरभिट्टाका प्रमुख प्रहरी नायव उपरीक्षक सुनिल दाहाल, सशस्त्र प्रहरी बल नेपाल वीओपी काँकरभिट्टाको प्रमुख सशस्त्र प्रहरी निरीक्षक प्रेम राई, विभिन्न दल, संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिसहित उद्योगी, व्यवसायी, सञ्चारकर्मीलगायतको सहभागिता रहेको नगरपालिकाका प्रेस संयोजक लक्ष्मी उप्रेतीले बताए ।

मेचीनगर नगरपालिकाको पहलमा नेपाल सरकार स्वास्थ्य जनसंख्या मन्त्रालय

(बाँकी अन्तिम पृष्ठमा)




बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो

विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०७८/०९/२५ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ । इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

*नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि Play Group मा भर्ना खुलेको जानकारी गराइन्छ ।*


सम्पर्क फोन : ०२३-५४२६४७,
मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०
Email : bestfuturemtcbn@gmail.com

पायल्स तथा फिस्टुला समस्याको सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा पुस २४ गते शुक्रबारका दिन पायल्स, फिस्टुला, फिसर, दिसाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

बिरामी वर्गहरूमा खुशीको खबर



डा. समिर पौडेल
M.B.B.S. (MD) Internal Medicine (T.U.T.H.
DM (Cardiology) NAMS, Bir Hospital
NMC-4515



बरिष्ठ मुटु रोग विशेषज्ञ
काठमाडौं वीर हस्पिटलबाट यसपटक पुस २४ गते शनिबार बिहान ८ देखि ४ बजेसम्म । टेलिफोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

प्रान्जल फार्मेसी
बिर्तामोड, अदुवा पुल छेऊ, झापा (०२३-५४४८२२, ९८४२६५४३२५)
नोटः यहाँ प्याथोलोजी ल्याब, Digital X-ray तथा Video X-ray दैनिक सेवा उपलब्ध छ ।

# मन्त्री प्रेम आले: किन आइरहन्छन् चर्चामा ?

**काठमाडौं, पुस २१।** सम्पदाभित्र रेष्टुरेन्ट बनाउन दिने तत्कालीन पर्यटनमन्त्री योगेश भट्टराईको निर्णय उल्ट्याएर चर्चामा छन्- बहालवाला संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेम आले ।

एमाले परित्याग गरेर नेकपा एकीकृत समाजवादी पार्टीमा रहेका आलेले दोस्रोपटकमा पर्यटन मन्त्री बनेपछि धमाधम जनमुखी र आम नागरिकले अनुभूति गर्ने निर्णय गरिरहेका छन् । यसैक्रममा उनले सम्पदा मास्ने गरी अघिल्लो सरकारले अनुमति दिएको नारायणहिटी दरबारभित्र रेस्टुरेन्ट बनाउन रोक लगाएका छन् ।

नारायणहिटी दरबार संग्रहालय परिसरमा निर्माण भइरहेको रेस्टुरेन्टको काम आलेले ठाडो आदेश दिएर रोकेका हुन् । पुरातात्विक क्षेत्रभित्र रेस्टुरेन्ट बनाउन रोकेपछि मन्त्री आलेले आम नागरिकस्तरबाट स्याबासी पाएका छन् ।

यो त एक प्रतिनिधिमूलक घटनामात्रै हो, आलेले यस्ता धेरै काम गरेका छन्, जहाँ नागरिकबाट स्याबासी पाएका छन् । आलेले यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनल स्टेशनमा सटल बस सेवा सञ्चालनमा ल्याए । जुन निःशुल्क हो ।

ट्याक्सीवालाबाट आफू समेत ठगिएका मन्त्री आलेले ठगहरुलाई विस्थापित गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई निर्देशन तथा आवश्यक वातावरण बनाइदिएर तीन वटा माइक्रोबसलाई सटल बसका रूपमा सञ्चालनमा ल्याए । यात्रु लुट्ने क्रम अन्त्य गर्न सटल बसको व्यवस्था गर्नुपरेको आलेको भनाइ थियो । यो सेवापछि यात्रु ठगिनबाट जोगिएका छन् । आम यात्रुले प्रत्यक्ष महशुस गर्न पाएको यो सेवापछि विमानस्थलमा ठगहरु किनारा लागे ।

पर्यटनमन्त्री आलेले वैदेशिक रोजगारीमा जाने यात्रु ठगी वा अन्य कुनै समस्या परेमा बिमानस्थलले व्यवस्था गरेको हटलाइनमा फोन गर्ने व्यवस्था गरेका छन् । वैदेशिक श्रम गन्तव्यमा जाने यात्रुका लागि अन्तर्राष्ट्रिय टर्मिनल भवनमा विश्राम घर बनाएका छन् ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि विदेश जाने श्रमिकलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अनावश्यक दुःख दिनेलाई कारबाही गर्ने व्यवस्था गरेका छन् । मन्त्री आलेकै निर्देशनमा नेपाल वायु सेवा निगमले दैनिक ४० जना वैदेशिक रोजगारीमा जाने श्रमिकलाई सस्तो दरको टिकट प्रदान गर्दै आएको छ ।

त्यस्तै आले राष्ट्रिय ध्वजावाहक नेपाल वायु सेवा निगमलाई उकास्न लागि परेका छन् । उनले नेपाल विद्युत् प्राधिकरणसँग कर्मचारी तथा सामान ओसारपसारका लागि सम्झौता नै गराएका छन् ।

पर्यटनमन्त्री आले र मन्त्रालयका सचिव महेश्वर न्यौपानेको उपस्थितिमा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले एमओयूमा हस्ताक्षर गरेका हुन ।

निगम र प्राधिकरणबीच हवाई टिकट तथा खतराजन्य पदार्थ (डेन्जरस गुड्स) कार्गो ओसारपोसार सम्झौता भयो । जसले गर्दा ऋणमा रहेको नेवानी उकासिन मद्दत पुग्नेछ । आलेले नेपाल एयरलाइन्सलाई निजीकरण हुन पनि दिएनन् ।

निजी बनाउन लागेका दलालहरुलाई निरुत्साहित गर्दै आलेले सरकारी जहाज वृद्धिमा लागेका छन् । त्यतिमात्रै होइन मन्त्री आलेले बजेट अभावमा स्तरोन्नति हुन नसकेका




सुदूरपश्चिम प्रदेशका नौ वटै जिल्लाका विमानस्थलका लागि बजेट विनियोजन गरिदिए । यसअघि आउने मन्त्रीले बजेट दिने आश्वासन दिए पनि आले भने सिधै एक्सनमा उत्रिए । उनले मुखले बोलेनन् व्यवहारमै देखाइदिए ।

सुदूरपश्चिम प्रदेशको कैलालीको धनगढी, कञ्चनपुरको मझगाउँ, बैतडीको पाटन, दार्चुलाको गोकुलेश्वर, अछामको साँफेबगर, कमलबजार, बझाङ, बाजुरा, डडेल्धुरा र डोटीको दिपायल विमानस्थलका लागि बजेट विनियोजन गरे । कैलालीको धनगढी विमानस्थलका लागि एक अर्ब, अछामको साँफेबगर, कमलबजार विमानस्थलका लागि ६ करोड रुपैयाँ विनियोजन गरिएको छ ।

यस्तै कञ्चनपुरको मझगाउँ विमानस्थलका लागि दुई करोड ५१ लाख ३२ हजार, बैतडीको पाटन विमानस्थलका लागि एक करोड ५० लाख ४४ हजार, दार्चुलाको गोकुलेश्वर विमानस्थलका लागि दुई करोड ६५ लाख ४८ हजार, बझाङ विमानस्थलका लागि १२ लाख ९९ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

साथै बाजुरा विमानस्थलका लागि १८ लाख ७६ हजार, डडेल्धुरा विमानस्थल सम्भाव्यता अध्ययनका लागि ५० लाख र डोटी विमानस्थल दुई सय ५० मिटर धावनमार्ग थप गर्न, टर्मिनल टावर निर्माण र जग्गा अधिग्रहणका लागि १८ करोड ६१ लाख ४७ हजार रुपैयाँ विनियोजन गरिएको छ ।

सुदूरपश्चिमका साना विमानस्थलको स्तरोन्नतिदेखि कैलालीको धनगढीमा रहेको विमानस्थललाई क्षेत्रीय स्तरको बनाउनका लागि दुई सय ५० बिगाह जमिन अधिग्रहण तथा दुई हजार पाँच सय मिटर धावनमार्गका लागि बजेट विनियोजन गरिएपछि यहाँका नागरिकले आलेलाई धन्यवाद दिए । अरु त अरु नेपाल एयरलाइन्सका वरिष्ठ क्याप्टेन विजय लामाले पनि मन्त्री आलेको काम गराई र सक्रियताको प्रशंसा गरेका छन् । मन्त्री आलेले नेपाल वायुसेवा निगमको सुधारका लागि राम्रो थालनी गरेको भन्दै प्रशंसा गरेका हुन् । निगमले हालैमात्रै खतराजन्य वस्तु बोक्ने अनुमति पाएपछि लामाले यस्तो टिप्पणी गरेका हुन् ।

आले र कार्यकरी अध्यक्ष युवराज अधिकारीको सक्रियताले आज निगम 'डेन्जरस गुड क्यारियर' भएको भन्दै यो धेरै राम्रो प्रगती भएको उनको भनाइ छ । लामाले भनेका छन्, 'मेरो साढे तीन दसकको कार्यकालमा धेरै पर्यटन मन्त्रीहरुका साथै कार्यकारी अध्यक्षहरु देखे र हर्कतहरु पनि भोगे! कोइ गफैमा सीमित रहे भने कोही नामको लागि मात्र, कोही मौका पाएर पनि केही गर्न नसकी समय फ्याल्नेमा परे भने कोही भत्काउनको लागि मात्र आएको पाए, कोही अरु वायुसेवाको एजेन्ट भएर आए । फेरि यसो भन्दा सबै नै त्यही दर्जामा राख्न खोजेको होइन । ने वा निलाई बनाउनुपर्छ भन्ने सुगत कन्साकारज्यू जस्ता पनि तीन-तीनपटक आए तर हराए ।

## युनियनको कोषमा सहयोग



**विर्तामोड पुस २१।** नेपाल प्रेस युनियन झापाले स्थापना गरेको अक्षयकोषमा झापा अर्जुनधारा-८ निवासी राजनीतिक एवम् सामाजिक व्यक्तित्व भरत बुढाथोकीले २० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

अर्जुनधारामा आयोजित संक्षिप्त कार्यक्रममा युनियनका झापा अध्यक्ष इन्दु पूर्वेली, पूर्व अध्यक्ष कृष्ण हुमागाँई, संस्थापक सदस्य दीपक ढकाल, केन्द्रीय पार्षदहरु यज्ञप्रसाद पाठक, रेजिना गौतमलाई बुढाथोकीले उक्त रकम हस्तान्तरण गरे । कार्यक्रममा नेपाली कांग्रेस अर्जुनधारा नगर समितिका उपसभापति चतुरर्भुज काफ्ले, कृष्ण थापा लगायतको उपस्थिति रहेको थियो ।

रकम हस्तान्तरण गर्दै बुढाथोकीले पत्रकारहरुले निष्पक्ष भएर सुशासन र भ्रष्टाचारमुक्त समाजका लागि कलम चलाउन आग्रह समेत गरे । लोकतन्त्रवादी पत्रकारहरुको संस्था प्रेस युनियनमा आबद्ध पत्रकारले लोकतन्त्र संस्थागत विकास र सुशासनका लागि निडर भएर सत्य समाचार सम्प्रेषण गर्नुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा पूर्व अध्यक्ष हुमागाँईले अक्षयकोषको ब्याज प्रेस युनियनका संस्थागत गतिविधि सञ्चालन एवम् पत्रकारहरुको क्षमता अभिबृद्धिका लागि खर्चने बताउँदै सहयोगका लागि आव्हान गरे ।

युनियनका सभापति इन्दु पूर्वेलीले अक्षयकोष सञ्चालन कार्यविधि पारित गरेर एकमहिना अघिदेखि अक्षयकोष स्थापना अभियान थालिएको जानकारी दिँदै अभियानमा सबै लोकतन्त्रवादीहरुको सहयोगको अपेक्षा गरिएको बताए । प्रेस युनियनले संस्थाका गतिविधि सञ्चालन एवम् पत्रकारहरुको क्षमता अभिबृद्धि, स्वास्थ्य उपचार लगायतका सर्वाङ्गिण लक्ष राखेर अक्षयकोषको शुरुवात गरेको हो ।

## ओमिक्रोन त्रासले 'प्रेमगीत ३' को रिलिज रोकियो

कोरोनाको ओमिक्रोन भेरियन्ट फैलिएपछि भारतका कतिपय राज्यमा निषेधाज्ञा लागू हुँदा हलहरु बन्द भएका छन् ।

जसले गर्दा रिलिजको तयारीमा रहेका बलिउडका केही ठूला फिल्मको रिलिज रोकिएको छ । माघ दोस्रो साताबाट नेपालमा ओमिक्रोन भेरियन्ट संक्रमित बढ्ने स्वास्थ्य मन्त्रालयको अनुमानपछि रिलिज तोकेर बसेका नेपाली फिल्म पनि 'पर्ख र हेर' अवस्थामा छन् ।

भारतमा बढेको संक्रमणको तेस्रो लहर र नेपालमा पनि संक्रमितको संख्या उकालो लाग्न



थालेपछि फागुन १३ गतेलाई प्रदर्शन मिति घोषणा गरेको प्रतिक्षीत फिल्म 'प्रेमगीत ३' फेरि अनिश्चितकालका लागि पोस्टपोन्ड भएको छ । सोमवार फेसबुकमा एक विज्ञप्ति जारी गर्दै निर्माता तथा निर्देशक सन्तोष सेनले अप्ठ्यारो परिस्थितिलाई मध्यनजर गर्दै फिल्मको रिलिज रोकेको जानकारी दिए ।

उनले लेखेका छन्- 'भारत बजारका वितरक समुहले दिएको सल्लाह-सुझावलाई मनन् गर्दै सिनेमा घरहरु बन्द हुने क्रम बढेकोले नेपाल र भारतमा अलग-अलग मितिमा प्रदर्शन नगरी एकसाथ प्रदर्शन गर्नुपर्ने प्रस्ताव आएकोले हामी नअत्तालिकन यो अप्ठ्यारो परिस्थितिलाई मध्यनजर गर्दै र त्यो गहकिलो प्रस्तावलाई स्विकार गर्दै अनिश्चितकालको लागि प्रदर्शन मिति स्थगित गरेका छौं ।'

## अभिनेतृको घाँटी भाँचियो

**काठमाडौं, पुस २१।** अस्ट्रेलियाकी अभिनेतृ तथा गायिका एली सिम्पसन निकै कठिन अवस्थाबाट गुज्रिरहेकी छिन् । स्वीमिङ पुलमा डाइभ गर्ने समयमा दुर्घटनावश उनको घाँटीको हड्डी भाँचिएको थियो ।

अर्कोतिर यही बेला उनी कोरोना संक्रमित पनि भएकी छिन् । आफ्नो यो अवस्थामा आँशु बगाउँदै एलीले एक पोस्ट शेयर गरेकी छिन् । उनले २०२२ को सुरुवात आफ्नो लागि राम्रो नभएको बताइन् ।

एलीले लेखेकी छिन् 'कहिलेकाहीँ एक्कासी जीवनले ठूलो मोड लिन्छ। २०२२ को शुरुवात मेरो लागि राम्रो भएन । मेरो भाँचिएको घाँटीको साथमा कोभिड पोजेटिभ पनि । मैले पुलमा डाइभ गरें र पुलको पिँधसँग मेरो टाउको ठोक्कियो । न्यू इयर इभमा एक्स-रे र सिटी स्क्यान गराएँ र घाँटीमा २ वटा गम्भीर फ्रेक्चर पत्ता लगाउनको लागि एमआरआई पनि गराएँ । एम्बुलेन्सबाट सिधै अस्पताल गएँ, जहाँ न्यूरो सर्जनले जाँच गरे ।'

२३ वर्षकी एली द मास्क्ड सिंगरको अस्ट्रेलिया भर्सन र आइएमअ सेलिब्रेटी गेट मी आउट अफ हियरमा देखिएकी छिन् ।

## बिक्रीका ...

**क-कसलाई पक्राउ गरिएको छ ?**

पक्राउ परेका विशाल कुमार इन्जिनियरिङका विद्यार्थी हुन् । मुम्बई प्रहरीको साइबर युनिटले दक्षिणी शहर बङ्लौरबाट विद्यार्थी कुमारलाई नियन्त्रणमा लिएको थियो ।

उनलाई सोधपुछ गर्दा स्वेता सिंहको नाम आएको प्रहरीले बताएको छ । उत्तरी राज्य उत्तराखण्डबाट त्यसपछि उनलाई पक्राउ गरिएको थियो । बुधवार बिहान अर्का विद्यार्थी मयंक रावतलाई उत्तराखण्डबाटै पक्राउ गरिएको थियो । ती तीन जनालाई के अभियोगमा पक्राउ गरिएको हो भन्ने पुष्टि भइसकेको छैन ।

अरू केही व्यक्तिहरूलाई सोधपुछका लागि थुनामा राखिएको छ । हामीले यो अनुसन्धानलाई एउटा निष्कर्षमा पुऱ्याउँछौं- महाराष्ट्रका कनिष्ठ गृहमन्त्री सतेज पटेलले भने । कैयौं प्रमुख मुसलमान पत्रकारहरू र अभियानकर्ताहरूको तस्बिर उक्त 'बुली बाइ' नामको एपमा अनुमति बेगर राखिएको थियो र झुट्टा लिलाम बढाबढमा 'बिक्री' मा राखिएको थियो ।

**अनलाइन दुर्व्यवहारको निरन्तरता**

यो अनलाइनमार्फत 'लिलाम बढाबढ' गराएर मुसलमान महिलाहरूको अपमान गर्न भएको दोस्रो प्रयास हो । अघिल्लो वर्षको जुलाईमा एउटा एप र वेबसाइट 'सुल्ली डिल्स' नामक वेबसाइटले ८० भन्दा बढी मुस्लिम महिलाको उनीहरूले अनलाईनमा राखेका तस्वीर प्रयोग गर्दै प्रोफाइल बनाइदिएको थियो ।

त्यसलाई उक्त दिनको 'सबैभन्दा फाइदाको कारोबार' का रूपमा उल्लेख गरेको थियो । दुवै घटना वास्तविक कारोबारसँग सम्बन्धित थिएनन् तर त्यस्तो गतिविधिको उद्देश्य प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देखिएको बढ्दो हिन्दुवादी राष्ट्रवादविरुद्ध आवाज उठाउने महिलाहरूलाई तल देखाउने र अपमान गर्ने रहेको देखिन्छ ।

सुल्ली दक्षिणपन्थी हिन्दूहरूले मुसलमान महिलालाई खिस्सी गर्न प्रयोग गर्ने शब्द हो र बुल्ली अपमानजनक शब्द हो । सुल्ली डिल्सको विषयमा प्रहरीले अनुसन्धान अघि बढाए पनि कसैलाई पनि अभियोग लगाइएको थिएन ।

बुल्ली बाइ एपबारेका खबर आएपछि सुल्ली डिल्स काण्डमा निशाना बनाइएकी कवि नबिया खानले सन् २०२१ मा आफूले गरेको उजुरीमा दिल्ली प्रहरीले कदम नचालेको बताइन् । बुल्ली बाइ एपका कारण निशानामा परेका महिलाहरूका उजुरीका आधारमा प्रहरीले कम्तीमा तीन वटा राज्यमा प्रहरीले अनुसन्धान थालेको छ ।

नाम उल्लेख नभएका एक जना वरिष्ठ प्रहरी अधिकारीले द इण्डियन एक्सप्रेसलाई चार जना व्यक्तिको ट्वीटर खाता प्रयोग गरी फोटोहरू समाजिक सञ्जालमा राखिएको बताए । त्यसमध्ये तीनवटा महिलाहरूले सञ्चालन गरेका खाता थिए । बुल्ली बाइ एपमा रहेको महिलाको सूचीमा एक जना बलिउड कलाकार र बेपत्ता पारिएका एक भारतीय विद्यार्थीका ६५ वर्षिया आमा छन् ।

उक्त झुठो लिलामीमा नाम राखिएका महिलाहरूले सामाजिक सञ्जालमा स्क्रिन सट र सन्देशहरू राखेपछि त्यसले मानिसहरूलाई स्तब्ध र क्रोधित बनाएको थियो । अघिल्लो वर्ष सुल्ली प्रकरणबारे समाचार सम्प्रेषित गरेकी काश्मीरी पत्रकार क्वारातुलेन रेहबारले यसपटक एपमा नाम पर्दा घृणा महसुस भएको बताइन् ।

**को जोखिममा छन् ?**

सूचना तथा प्रविधि मन्त्री अश्विनी वैष्णवले शनिवार उक्त एप अपलोड गर्ने प्रयोगकर्तालाई गिटहबले ब्लक गरिदिएको र थप कारबाहीका लागि प्रहरीले साइबर निकायसँग समन्वय गरिरहेको बताए ।

शिव सेना दलकी सांसद प्रियन्का चतुर्वेदीले त्यसको जवाफ दिदैं उक्त प्लेटफर्म ब्लक गर्नु बाहेक त्यस्तो साइट बनाउने दोषीलाई कारबाही गर्नु महत्त्वपूर्ण रहेको बताएकी छन् ।

गिटहबका एक जना प्रवक्ताले अनुसन्धानपछि उक्त कम्पनीले एउटा प्रयोगकर्ताको खातालाई निलम्बित गरिदिएको जनाएको छ ।

साथै उसले आफ्नो नीतिको उल्लंघन गर्ने गतिविधि भएको पनि जनाएको छ । सन् २०१८ मा एमनेस्टी इन्टरन्याशनलले भारतमा अनलाइन दुर्व्यवहार सम्बन्धी एउटा प्रतिवेदन निकालेको थियो जसमा विरोधका आवाज उठाउने महिला त्यति नै दुर्व्यवहारमा बढी पर्ने सम्भावना रहेको उल्लेख गरिएको थियो ।

धार्मिक अल्पसंख्यक र पछाडि परेका जातिहरूका महिलामाथि अझ बढी जोखिम रहेको प्रतिवेदनमा जनाइएको थियो । आलोचकहरूले मुसलमान महिलाहरूमाथिको अनलाइन दुर्व्यवहार हालैको ध्रुवीकृत राजनीतिक माहौलमा अझ खराब भइरहेको बताएका छन् । बीबीसी

## अर्जुनधाराको ...

जसअनुसार अर्जुनधारा-१मा एक हजार दुई सय मिटर, अर्जुनधारा-२मा पाँच सय मिटर, अर्जुनधारा-३मा नौ सय मिटर, अर्जुनधारा-४मा सात सय मिटर, अर्जुनधारा-५ एक हजार मिटर, अर्जुनधारा-६मा दुई हजार छ सय ७६ मिटर, अर्जुनधारा-७मा एक हजार दुई सय मिटर, अर्जुनधारा-८मा एक हजार दुई सय मिटर, अर्जुनधारा-९मा आठ सय पचास मिटर, अर्जुनधारा-१०मा एक हजार तीन सय मिटर र अर्जुनधारा-११मा नौ सय मिटर सडक कालोपत्रे हुने भएको छ ।

त्यसैगरी नगरपालिकाले सामुदायिक विद्यालयको भवन १४ वटा, वडा नं. १, २, ३, ६, ९, १० र ११ वडा समिति कार्यालयको भवन, वडा नं. १, २, ५, ८, १० र ११ स्वास्थ्य चौकीको भवन निर्माण सम्पन्न भएको प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रस्तुत प्रतिवेदनमा स्वास्थ्य, कृषि, प्रधानमन्त्री रोजगार कार्यक्रम, न्यायिक समिति, पशुपन्छी विकासलगायतका प्रगति विवरण पनि उल्लेख गरिएको थियो ।

त्यस्तै नगरपालिकाले आर्थिक वर्ष ०७४/०७५मा ४४ करोड ६५ लाख ७५ हजार दुई सय ९८ रुपैयाँ, आर्थिक वर्ष ०७५/०७६मा ७५ करोड ५३ लाख ९९ हजार रुपैयाँ, आर्थिक वर्ष ०७६/०७७मा ६५ करोड ७३ लाख ३० हजार छ सय २३ रुपैयाँ र ०७७/०७८मा ७८ करोड ३९ लाख २१ हजार तीन रुपैयाँ बराबरको आर्थिक कारोबार गरेको प्रतिवेदनमा उल्लेख छ ।

यता सोही अवधिमा नगरपालिकाले आठ वटा ऐन, तीन वटा नियमावली र १५ वटा कार्यविधि बनाएको छ । बनाइएका ऐनहरुमा सहकारी ऐन २०७८, प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७७, अर्जुनधारा नगरपालिकाको नगरसभा र नगर कार्यपालिकाको निर्णय वा आदेश वा अधिकार-पत्रको प्रमाणिकरण ऐन २०७७, अर्जुनधारा नगरपालिकाको शिक्षा ऐन २०७७, नगर प्रहरी व्यवस्थापन ऐन् २०७७, अर्जुनधारा नगरपालिकाको प्राकृतिक स्रोत तथा वातावरण संरक्षण ऐन २०७७, कृषि व्यवसाय प्रबर्द्धन ऐन् २०७७ र न्यायिक समिति कार्यविधि सम्बन्धि ऐन २०७५ रहेका छन् ।

त्यसैगरी नियमावलीतर्फ नगर कार्यपालिका कार्यविभाजन नियमावली २०७४, कार्यसम्पादन नियमावली २०७४ र संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली २०७७ रहेका छन् ।

त्यस्तै कार्यविधितर्फ बैठक सञ्चालन कार्यविधि २०७४, सञ्चालन कार्यविधि २०७४, नगर राजपत्र प्रकाशन कार्यविधि २०७४, अर्जुनधारा नगरपालिकाको शैक्षिक व्यवस्थापन कार्यविधि २०७५, करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५, आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि २०७५, 'घ' वर्गको निर्माण व्यवसाय इजाजतपत्र सम्बन्धि कार्यविधि २०७५, उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५, बजार अनुगमन निर्देशिका २०७५, योजना सञ्चालन अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्यविधि २०७५, हेभी इक्युप्मेन्ट सञ्चालन व्यवस्थापन कार्यविधि २०७५, अपाङ्गता भएका व्यक्तिलाई परिचय-पत्र वितरण कार्यविधि २०७५, नदीजन्य श्रमिक निर्देशिका २०७६, अर्जुनधारा नगरपालिकाको शेयर लगानी सम्बन्धि कार्यविधि २०७६ र रोग नियन्त्रण प्रकोप व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि २०७७ रहेका छन् ।

नगर प्रमुख हरिकुमार रानाको अध्यक्षतामा आयोजित सभामा पूर्व कानूनमन्त्री अग्नि खरेल, पूर्व सामान्य प्रशासन मन्त्री केशवकुमार बुढाथोकी, संविधानसभा सदस्य भक्त खपाङ्गी, पूर्व सांसदद्वय केदारमणि ढकाल र शेरबहादुर इङ्नामले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । सभाको दोस्रो बैठक यही पुस २६ गते ११ बजे सञ्चालन हुने प्रमुख रानाले जानकारी दिए ।

## लागूऔषध ...

ग्राम ६ मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थसहित मंगलबारसाँझ प्रहरीले पक्राउ गरेको छ ।

प्रहरी चौकी पाठमारी र सशस्त्र प्रहरी बल बीओपी पाठमारीबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा उनीहरूका साथबाट उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो । उनीहरू उपर थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## काँकरभिट्टामा ...

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको करिब ५० लाख रुपैयाँको लागतमा हेल्थ डेक्सको कार्यालय निर्माण गरिएको हो । डेक्सको निर्माणमा ४१ लाख ८४ हजार रुपैयाँ खर्च भएको बताइएको छ ।


**पसल बिक्रीमा**

बिर्तामोडस्थित मनकामना कलेज छेऊमा चालू अवस्थामा रहेको किरराना पसल बिक्रीमा छ ।
सम्पर्क: ९८२५९१९१४७

**होटल बिक्रीमा**

बिर्तामोड-३ सैनिकमोडस्थित चालू अवस्थाको होटल विक्रीमा रहेकोले इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।
मो. ९८०६०३३१५३, ९८२६९०३२५५

**साधारणसभा सम्बन्धी सूचना**

यस गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.को १५औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने निश्चय भएको हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई पत्राचार गरिसकिएको छ । यदि कारणवस पत्र प्राप्त नभएमा यही सूचनालाई आधार मानी उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं । साथै सोही दिन साधारणसभा सँगसँगै रक्तदान कार्यक्रम समेत रहेको हुँदा उक्त कार्यक्रममा समेत सहभागिता जनाइदिनु अनुरोध गर्दछौं ।

तपसिल
मिति: २०७८ पुस २४ गते शनिवार समय: विहान ठीक ११:०० बजे
स्थान: अतिथि सदन, बिर्तामोड-१, झापा

**गोर्खा बचत तथा ऋण सहकारी संस्था लि.**, बिर्तामोड, झापा (०२३-५९०७८९)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा





(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**जिल्ला सहकारी संस्था लि.को भवन निर्माण सम्बन्धी इच्छा-पत्र आव्हानको सूचना**

प्रथमपटक सूचना प्रकाशित मिति: २०७८।०९।२२ गते

झापा जिल्ला सहकारी संघ लि.को भद्रपुर-८मा रहेको ०-३-१५ जग्गामा ५ तले सुविधासम्पन्न भवन निर्माण गर्नका लागि भवनको नक्सा, डिजाइन र इस्टीमेट लागतसहित बनाउनका लागि नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक इञ्जिनियरहरुबाट इच्छापत्र आव्हान गरिन्छ ।

बुझाउने अन्तिम मिति: २०७८।०९।२५ गते आइतवार
स्थान: बिर्तामोडस्थित सम्पर्क कार्यालय, शनिश्चरे ट्याक्सी स्टेण्ड
सम्पर्क: ९८५२६७००७३, ९८४४६०६८९२, ०२३-५४६६५८

गणेश ढकाल: अध्यक्ष

**महिला सामुदायिक स्वास्थ्य सेवा केन्द्रको सूचना**

महिला सामुदायिक स्वास्थ्य सेवा तथा अनुसन्धान केन्द्र बुद्धशान्ति-३ बुधबारेको १७औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने निश्चय गरी सम्पूर्ण आजीवन तथा मानार्थ सदस्यज्यूहरूलाई पत्राचार गरिसकिएको छ । कारणवश पत्र प्राप्त नभएको भए यसै सूचनालाई आधिकारिक जानकारी मानी तोकिएको स्थानमा उपस्थित भई राय-सल्लाह, सुझाव प्रदान गर्नुहुन अनुरोध गरिन्छ ।

मिति - २०७८/०९/२४ गते शनिबार समय - बिहान १० बजे
स्थान - रामजानकी मन्दिर बुधबारेको सानो हल

जितबहादुर श्रेष्ठ : सचिव विष्णु मैनाली उप्रेती : अध्यक्ष


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय


# जीवन रक्षा सरकारको दायित्व

**इलामका ग्रामीण क्षेत्रमा जंगली जनावरको त्रास बढेको छ । माई जोगमाईको नामसालिङबाट विद्यालय जाने बालबालिका बाटोमा जंगली जनावरले आक्रमण गर्ने डरले आतंकित रहेको जनाइएको छ । नामसालिङबाट शुक्रबारेमा रहेको पशुपति एकाडेमीमा अध्ययन गर्न जानुपर्ने बालबालिका जंगली जनावरको डरले कि शिक्षकको सहारा खोज्दैछन् अथवा साथीसँगै जम्मा भएर हुल बनाएर हिँड्न थालेका छन् । आफ्ना छोराछोरी विद्यालय पुग्लान्–नपुग्लान्, पुगे भने आउलान–नआउलान् अभिभावकलाई चिन्ता थपिएको छ । जंगलको बाटो हुँदै विद्यालय जानुपर्ने विद्यार्थीको बाध्यता एकातिर छ भने अर्कातिर दिनहुँ सो क्षेत्रमा देखापर्न थालेका चितुवा, भालु र बँदेल लगायतका जंगली जनावरले आक्रमण गर्लान् भन्ने चिन्ताले पिरोलेको छ स्थानीयबासीलाई । स्थानीयबासीलाई छोराछोरी पढाउनै पर्ने नैतिक दायित्व र कर्तव्य पूरा गर्नु त छ नै सँगै खेतीपातीको काम गर्नुपर्ने बाध्यता पनि छ ।**

**दिनहुँजसो सो क्षेत्रका बासिन्दाले पालेका बाख्रा पनि चितुवा र भालु जस्ता जंगली जनावरको शिकार बन्न थालेका छन् । खोरमा राखेका बाख्रा चितुवाको शिकार बन्न थालेपछि किसान चिन्तित छन् । माईजोगमाई गाउँपालिकाका थुम्के, जौबारी, प्याङ, नामसालिङ क्षेत्रमा जंगली जनावर बँदेलले समेत किसानलाई दुःख दिन थालेको छ । सो क्षेत्रका किसानले लगाएको बाली राति हुल बनाएर आउने बँदेलले खाएर र खनेर नष्ट गर्न थालेको स्थानीयबासीले दुखेसो गरेका छन् । बँदेलसँगै सो क्षेत्रमा आउन थालेका बाँदर, खरायो, मृगले पनि बालीनालीमा क्षति पुर्‍याउन थालेकोले किसानहरुले स्थानीय सरकारसमक्ष पीडा पुर्‍याएका छन् । तर, स्थानीय सरकारले आफ्नो पीडा सुन्नै नचाहेको उनीहरुको गुनासो छ ।**

**इलाम पूर्वी नेपालको कृषि कर्ममा अग्रणी जिल्ला हो । यहाँका फलफूल, सागसब्जीदेखि नगदे खेती अलैंची, चिया, आलु, दूध देशभर प्रशिद्ध छ । तर, जंगली जनावरले बालीनाली नष्ट गर्न थालेपछि चिन्तित किसान खोर र गोठमा भएका बाख्रा, बाच्छा पनि असुरक्षित हुन थालेपछि आर्थिकसँगै मानसिक पीडा पनि झेल्दै छन् । भालु र चितुवाले ठूला मानिसलाई नै आक्रमण गर्न थालेपछि प्रदेश र संघीय सरकारसँग जिउ–धनको सुरक्षाको माग गर्न पुगेका छन् । यस्तोमा स्थानीयबासीको सुरक्षा र स्कूल जाने विद्यार्थीको जीवनको रक्षा गर्नु सरकारको मूल दायित्व हो । जंगली जनावर किन मानवबस्ती प्रवेश गर्दैछन् ? तिनको संरक्षित क्षेत्र अतिक्रमण त भएन ! सरकारले खोजी गर्नुपर्छ । जनताको अभिभावक हो सरकार, त्यसैले पीडित जनताको सुरक्षामा उसको गम्भीर ध्यानाकर्षण हुनैपर्छ ।**

# परिपक्व थलो राष्ट्रिय सभा निर्वाचन र यसका इतिवृत्त



**रुद्र न्यौपाने**

माथिल्लो सदन राष्ट्रिय सभामा चार वर्षे पदावधि समाप्त भएका २० सदस्यहरू यही २०७८ फागुन २० मा विदाइ हुँदैछन् । रिक्त १९ सदस्यका निम्ति २०७८ माघ १२ मा निर्वाचन हुँदैछ । एक सदस्य चाहिँ मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्रपतिबाट मनोनित हुनेछन् । जसअनुसार सातै प्रदेशमा निर्वाचन निम्ति २०७८ पुस १५ देखि निर्वाचन अधिकृतको कार्यालय स्थापना भइसकेको छ । उम्मेदवारको मनोनयन दर्ता २०७८ पुस २० गते हुँदैछ ।

पहिलो पटक २०७४ सालमा भएको निर्वाचनमा एउटै पदमा तीन महिला र तीन खुला सदस्यको निर्वाचन गराउनुपर्ने भएकाले उक्त पदका लागि एकल संक्रमणीय निर्वाचन प्रणाली अपनाइएको थियो भने त्यसपछिका निर्वाचनमा महिला र खुला समूहबाट समेत एक-एक जना मात्र निर्वाचित हुने भएकाले बहुमतीय प्रणालीबाट निर्वाचन हुने व्यवस्था छ ।

राष्ट्रिय सभा सदस्य निर्वाचनमा कुनै उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिसकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा उसलाई प्रदान गरिएको निर्वाचन चिह्न परिवर्तन हुनेछैन । त्यस्तो उम्मेदवार निर्वाचित भएमा सम्बन्धित दलले प्रमाणसहित आयोगमा उजुरी दिएमा निजको सदस्यता खारेज हुने व्यवस्था गरिएको छ ।

उम्मेदवारले निर्वाचनमा उम्मेदवार हुन १० हजार रुपैयाँ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा धरौटी राख्नुपर्नेछ । महिला र दलित वा अल्पसंख्यक समुदाय वा आर्थिकरूपले विपन्न उम्मेदवारको हकमा उक्त धरौटी रकममा ५० प्रतिशत छुट हुने व्यवस्था गरिएको छ । निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको १० प्रतिशतभन्दा कम सदर मत पाउने उम्मेदवारको धरौटी जफत हुनेछ । तर १० प्रतिशतभन्दा कम सदर मत प्राप्त गरी निर्वाचित उम्मेदवारको हकमा यो व्यवस्था लागू हुनेछैन ।

त्यस अतिरिक्त उम्मेदवारी निम्ति अयोग्य सम्बन्धी व्यवस्था छ । भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्रीवितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोगमा अपराधी ठहरिएकाहरू उम्मेदवार बन्न पाउने छैनन् । अनि अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाइ वा कुनै कसुरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्ति उम्मेदवार बन्न पाउनेछैन ।

**निर्वाचन प्रकिया**

संविधान बमोजिम राष्ट्रिय सभा सदस्यको निर्वाचनका लागि निर्वाचक मण्डलमा प्रदेश सभाका सदस्य, गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहनेछन् । यसरी निर्वाचक मण्डलमा रहने मतदाताहरूको मतभार भने फरक रहने व्यवस्था छ । २०६८ सालको जनसंख्यालाई प्रदेश सभाका कूल सदस्यले भाग गरेर आउने प्रतिफलमा एक हजारले भाग गर्दा आउने परिणाम प्रदेश सभाको मतभार (४८) लिइएको छ भने गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखको कूल संख्यालाई दुईले गुणा गरी त्यसले जनसंख्यालाई भाग गरेर आउने संख्यालाई एक हजारले भाग गरेर आउने परिणामलाई स्थानीय तहको मतभार (१८) का रूपमा लिइएको छ ।


यस बमोजिम सबै प्रदेशका सदस्यको मतभार एउटै हुन्छ भने स्थानीय जनप्रतिनिधिको सवालमा पनि सबैभन्दा धेरै मतदाता भएको स्थानीय तहको प्रमुखको मतभार र कम मतदाता भएको गाउँपालिकाको अध्यक्षको मतभार पनि एउटै हुन्छ ।

नेपालको संविधान जारी भएपछि २०७४ माघ २४ मा राष्ट्रिय सभाको निर्वाचन भएको थियो । जसमा प्रत्येक प्रदेशबाट एक दलित, एकक अपाङ्गता वा अल्पसंख्यक समुदायबाट गरी १४ जना बहुमतीय निर्वाचन प्रणालीबाट निर्वाचित भए भने प्रत्येक प्रदेशबाट तीन महिला र तीन अन्य समूहबाट गरी ४२ जना एकल संक्रमणीय निर्वाचन प्रणालीको आधारमा निर्वाचित भएका थिए ।

साथै मन्त्रिपरिषद्को सिफारिसमा एक महिलासहित तीन जना राष्ट्रपतिबाट मनोनित भए । यसरी निर्वाचित सदस्यहरूको पदावधि छ वर्षको हुन्छ र एक तिहाइ सदस्यको पदावधि प्रत्येक दुई वर्षमा समाप्त हुन्छ । पहिलो पटक सदस्यको पदावधि कायम गर्दा गोला प्रथाद्वारा एक तिहाइको दुई वर्ष, अर्को एक तिहाइको चार वर्ष र बाँकी एक तिहाइको छ वर्षको हुने गरी पदावधि कायम भएको थियो ।

पदावधि समाप्त भइ रिक्त हुन आउने सदस्य पदको निर्वाचनको मिति उक्त पद रिक्त हुनुभन्दा पैतिस दिन पहिले निर्वाचन हुने गरी मिति तोक्नुपर्ने कानूनी व्यवस्था छ । पहिलो दुई वर्षमा पदावधि समाप्त भएका १९ जना सदस्यहरू २०७६ फागुनमा विदाइ भएका थिए । तिनीहरू बिदा हुनु अगावै २०७६ माघ ९ मा राष्ट्रिय सभाको निर्वाचन भएको थियो । जननिर्वाचित दुई वटा संविधानसभाबाट निर्माण भएको नेपालको संविधानले प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनसहितको संघीय संसद्को छ । प्रतिनिधि सभामा प्रत्यक्ष निर्वाचन प्रणालीबाट एक सय ६५ सदस्य र समानुपातिक निर्वाचन प्रणालीबाट एक सय १० सदस्य गरी कूल दुई सय ७५ सदस्यहरू रहन्छन् ।

राष्ट्रिय सभामा भने प्रत्येक प्रदेशबाट तीन जना महिला, एकजना दलित, एकजना अपाङ्गता भएका वा अल्पसंख्यक र तीन जना अन्य समूहबाट गरी जम्मा आठजना निर्वाचित हुन्छन् । यसरी प्रत्येक प्रदेशबाट आठ जनाका दरले सात प्रदेशबाट ५६ जना निर्वाचित हुन्छन् भने सरकारको सिफारिसमा राष्ट्रपतिबाट कम्तीमा एक महिलासहित तीन जना मनोनित गरेपछि ५९ सदस्य रहने व्यवस्था छ ।




**राष्ट्रिय सभा पद्धतिको अभ्यास**

विश्वका एक सय ९३ राष्ट्रहरू मध्ये करिब ४० प्रतिशत मुलुकहरू द्विसदनात्मक व्यवस्थपिकामा छन् । राष्ट्रको आवश्यकता अनुसार कुनै राष्ट्र एक सदनात्मकबाट द्विसदनात्मक भएका छन् भने कुनै राष्ट्र द्विसदनात्मक व्यवस्थापिकाबाट एक सदनात्मक मात्र पनि रहेको पाइन्छ । द्विसदनात्मक व्यवस्था भएको मुलुकको माथिल्लो सदनलाई विभिन्न नामले चिनिन्छ । नेपालको संविधानले संघीय संसदको माथिल्लो सभाको रूपमा राष्ट्रिय सभाको व्यवस्था गरेको छ ।

विशेषगरी विधायिकी प्रक्रियामा हुने कमी-कमजोरी हटाउन, सबै वर्गका नागरिकहरूको प्रतिनिधित्व सुनिश्चत गर्न, विज्ञ सेवा प्रदान गर्न, कानून बनाउन, सरकारलाई उत्तरदायी बनाउन, नियमन र निर्देशन गर्न तथा संसदीय सुनुवाइ गर्ने स्थायी सदनको रुपमा माथिल्लो सदन रहनु आवश्यक मानिन्छ । यसले सबै वर्ग, जातजाति, समुदायबाट प्रतिनिधित्व गर्ने हुँदा राष्ट्रिय स्वार्थको अभिभावकत्व ग्रहण गर्दै कार्यपालिकासँगको शक्ति सन्तुलन र नियन्त्रण गर्ने काम गर्छ । अर्थात् सरकारलाई उत्तरदायी बनाउने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

**राष्ट्रिय सभाको संवैधानिक इतिहास**

नेपालको संवैधानिक विकासक्रम २००४ देखि शुरु भएको हो । तत्कालीन प्रधानमन्त्री श्री ३ पद्मशमशेर जवराबाट घोषणा भएको नेपाल सरकारको बैधानिक कानून २००४ मा द्विसदनात्मक व्यवस्थापिकाको प्रावधान थियो । जसमा स्थानीय पञ्चायतबाट निर्वाचित र सरकारबाट नियुक्त गरी राष्ट्रसभा र श्री ३ महाराजका तजबिजमा नियुक्त भारदारी सभाको व्यवस्था रहे पनि उक्त संविधान कार्यान्वयनमा आउन सकेन ।

नेपाल अधिराज्यको संविधान २०१५ मा प्रतिनिधि सभा र महासभा गरी दुई सदनात्मक संसदको व्यवस्था थियो । त्यसपछि राजा महेन्द्रले उक्त संविधानलाई रद्द गर्दै नेपाल अधिराज्यको संविधान, २०१९ जारी गरी एक सदनात्मक राष्ट्रिय पञ्चायतको स्थापना गरे । राष्ट्रिय पञ्चायत अन्तर्गत गाउँदेखि राष्ट्रि स्तरसम्म चार तहको अप्रत्यक्ष्य निर्वाचित परिषद्हरूको स्थापना गरी नेपाललाई एक हिन्दू राष्ट्र घोषणा गरियो । वि.सं. २०४६ सालको जनआन्दोलनपछि पञ्चायत व्यवस्था र एकाधिपत्य राजतन्त्रको अन्त्य भयो ।

नेपालको संविधान २०४७ को संविधानमा प्रतिनिधि सभा र राष्ट्रिय सभा गरी दुई सदनसहितको संसदको व्यवस्था गरियो । जसमा तल्लो सदनको रुपमा मुलुकभरका दुई सय पाँच निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचित सांसदहरू रहन्थे । प्रतिनिधिसभाबाट एकल संक्रमणीय मतका आधारमा निर्वाचित ३५ जना, प्रत्येक विकास क्षेत्रबाट तीन जना गरी १५ जना र श्री ५ बाट मनोनित १० जना गरी जम्मा ६० सदस्यीय राष्ट्रिय सभा रहने व्यवस्था थियो ।

त्यसपछि वि.सं. २०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिशमा तत्कालीन राजाबाट प्रतिनिधि सभा विघटन भएपछि औपचारिक रूपमा राष्ट्रिय सभा कायम रहे पनि पदावधि समाप्त भएका सदस्यहरूको रिक्त स्थान पूर्ति हुन नसक्दा राष्ट्रिय सभा व्यवहारमा निष्क्रिय नै रह्यो । त्यसपछि २०६३ माघ १ मा अन्तरिम व्यवस्थापिकाद्वारा राष्ट्रिय सभाको विघटन भएको थियो । राष्ट्रिय सभालाई विज्ञ र परिपक्व सभा मानिन्छ । उक्त सभाले शक्ति सन्तुलन र नीति-कानून निर्माण ओजपूर्ण भूमिका खेल्छ भन्ने विश्वास गरिन्छ । हाम्रो संविधानले त्यही अनुरुपको सभाको परिकल्पना गरेको छ । *इकागज*

## मोटरसाइकल चोरीमा संलग्न पक्राउ

**पथरीशनिश्चरे, पुस २१।** पार्किङ गरी राखिएको मोटरसाइकल चोरी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राऊ गरेको छ ।

विराटनगर महानगरपालिका वडा नं. ७ मा पार्किङ गरी राखेको को २८ प ६५४९ नम्बरको यामाहा कम्पनीको एफजेट मोटरसाइकल चोरीमा संलग्न एक जनालाई प्रहरीले पक्राऊ गरेको हो ।

प्रहरीले सुनसरीको दुहवी नगरपालिका-५ बस्ने २० वर्षीय मनिष परियारलाई चोरीको सो मोटरसाइकलसहित पक्राउ गरिएको र आवश्यक अनुसन्धान भइरहेकको १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## फरार अभियुक्त पक्राउ

**पथरीशनिश्चरे, पुस २१।** गत कात्तिक अन्तिम साता मोरङको बुढीगंगा गाउँपालिका-७ मा भएको हत्या काण्डका एक फरार अभियुक्तलाई प्रहरीले पक्राऊ गरेको छ ।

गत कात्तिक २८ गते बुढिगंगा गाउँपालिका वडा नं. ७ का २६ वर्षीय रिजन दाहाललाई धारिलो खुकुरी प्रहार गरी हत्या गरेको घटनामा संलग्न भई फरार रहेका व्यक्तिलाई प्रहरीले पक्राऊ गरेको हो ।

पक्राउपर्नेममा बुढिगंगा गाउँपालिका वडा नं. ६ गेरावनी बस्ने २२ वर्षीय अजय लिम्बू रहेको मोरङ प्रहरीले जनाएको छ ।

## रेग्मीको स्मृतिमा अक्षयकोष



□ **उमानाथ भण्डारी**

**कमल, पुस २१।** कमल-२ स्थित कमल मदन आश्रित स्मृति माध्यमिक विद्यालयमा सोमनाथ रेग्मी स्मृति कोष २०७८ को स्थापना गरिएको छ ।

गाउँपालिकाकै वडा नं. २ निवासी स्वर्गीय सोमनाथ रेग्मीको स्मृतिमा उनका जेठा छोरा तोयानाथ रेग्मी तथा बुहारी जानुका गुरागाईद्वारा विद्यार्थीको शैक्षिक उन्नयनमा मद्दत पुर्‍याउने उद्देश्यले पाँच लाख ५५ हजार पाँच सय ५५ रुपैयाँको अक्षयकोष स्थापना गरेका हुन् ।

सोही विद्यालयमा रेग्मीका छोरा-बुहारी, नातिनीले अध्ययन गरेका थिए । शिक्षाका क्षेत्रमा राज्यले अहिलेसम्म गरेको लगानी पर्याप्त छैन भने समुदायले पनि शिक्षा क्षेत्रमा रचनात्मक धारणा अझै बनाउन नसकेका कारण कोषको स्थापना गरेको र यसले आर्थिक अभावका कारण उच्च शिक्षा लिनबाट वञ्चित विद्यार्थीलाई सहयोग पुग्ने कोषका संरक्षक रेग्मीले बताए ।

आफ्ना पिताजीको स्मृतिमा रेग्मी परिवारले स्थापना गरेको अक्षयकोष गाउँपालिकाकै अहिलेसम्मको ठूलो हो । राज्यको तर्फबाट मात्र शैक्षिक सुधार सम्भव नभइराखेको बेला कोषले विद्यालयको शिक्षा क्षेत्रमा सुधार पुग्नुका साथै उत्कृष्ट विद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न ठूलो सहयोग पुग्ने गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

कार्यक्रममा कमल गाउँपालिका शिक्षा समिति सदस्य चक्रबहादुर गुरुङले विद्यालयमा अध्ययनरत् कक्षा ४ र ५ का विद्यार्थीलाई ट्र्याक सुट वितरण गरेका थिए । त्यस्तै पेशागत महासंघ प्रदेश नम्बर १ का अध्यक्ष देवराज कार्कीले शैक्षिक क्षेत्रको सुधारका लागि सबैले सबै ठाउँबाट सहयोग गर्नुपर्ने बताए ।

कमल गाउँपालिका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेले सामुदायिक विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा कोषले ठूलो सहयोग पुग्ने बताए ।

वि.सं. १९९७ साल असार १६ गते तेह्रथुममा जन्मिएका सोमनाथ रेग्मीको २०७७ साल पुस २९ गते निधन भएको थियो । सामान्य परिवारमा जन्मिए पनि शिक्षाप्रतिको लगाव तथा महत्व बुझी आफ्ना छोराछोरीलाई पढाउनुपर्छ भन्ने पिताजीको भावनालाई आत्मसात गर्दै भविष्यसम्म बुबालाई जीवन्त राख्न तथा शैक्षिक क्षेत्रमा बुबाले गरेको योगदानलाई पूरा गर्न कोषको स्थापना गरेको रेग्मी परिवारले जानकारी दिएको छ ।

कोषबाट माध्यमिक विद्यालय तह ( कक्षा १२) पूरा गर्ने उत्कृष्ट एक छात्र, एक छात्रा गरी दुई जनालाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति प्रदान गरिने छ । यस विद्यालयमा अध्ययन गरेका सोमनाथका परिवारका सदस्य शिक्षा सेवामा पनि कार्यरत छन् ।

विद्यालयका शिक्षक यामनारायण प्रधानले सञ्चालन गरेको कार्यक्रममा प्रधानाध्यापक हिमप्रसाद दाहालले विद्यालयको वर्तमान अवस्थाका साथै कोषले विद्यार्थीलाई पुग्ने फाइदाका बारेमा चर्चा गरेका थिए ।

## महेन्द्ररत्नमा सेढाई



**बिर्तामोड, पुस २१।** बिर्तामोड-३ बिर्ताबजारमा रहेको महेन्द्ररत्न माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समिति सर्वसम्मत चयन गरिएको छ ।

विद्यालयले आयोजना गरेको अभिभावक भेलाले चार जना सदस्य सर्वसम्मत चयन गरेको थियो । उक्त चार जनासहित प्रधानाध्यापक, शिक्षक प्रतिनिधि तथा वडाध्यक्षसहितको समितिले पूर्व शिक्षक एवम् पूर्व स्रोत व्यक्ति टङ्क सेढाइलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चयन गरेको हो ।

समितिका सदस्यहरुमा राजकुमार राजवंशी, हिमालय मैनाली, पार्वता कार्की , शोभा घले दर्जी, आनन्दी राजवंशी, भोजराज सिटौला, नेत्रप्रसाद खरेल र खड्गप्रसाद खरेल रहेका छन् । त्यस्तै दूर्गा थापा अध्यक्ष रहेको ११ सदस्यीय शिक्षक अभिभावक संघ समेत गठन गरिएको छ । सर्वसम्मत नेतृत्व चयनले सकारात्मक सन्देश प्रवाह गरेको सहायक प्रधानाध्यापक केशव प्रसाईंले बताए ।

विद्यालयका प्रधानाध्यापक खड्गप्रसाद खरेलले स्वागत तथा प्रतिवेदन प्रस्तुत गरेको कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष एवम् बिर्तामोड-३ का वडाध्यक्ष भोजराज सिटौलाले गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका मेयर ध्रुवकुमार शिवाकोटी, नेकपा एमालेका सुवास भट्टराई, नेपाली कांग्रेसका सूर्यप्रसाद कङ्दम्बा, नेकपा माओवादी केन्द्रका यूवराज दाहाल, एकीकृत समाजवादीका श्रीप्रसाद सिटौला, राप्रपाकी रञ्जु प्याकुरेल पूर्व विव्यस अध्यक्ष लोकबन्धु कङ्दम्बा, पूर्व प्रअ देवेन्द्र गौतम, बिर्तामोड नपाका शिक्षा, खेलकुद तथा युवा शाखाका शाखा अधिकृत दिनेश आचार्य लगायतले शुभकामना दिएको कार्याक्रमको सञ्चालन शिक्षक तुलसीराम खरेलले गरेका थिए ।

# सैनिक बजार सरसफाई



**बिर्तामोड, पुस २१।** बिर्तामोड नगरपालिका वडा नं. १० स्थित सैनिकबजार सरसफाई गरिएको छ।

नेपाल बहुउद्देश्यीय सहकार संस्था लिमिटेड (एनएमसी) सैनिकबजार सेवाकेन्द्रको आयोजनामा सम्पन्न सरसफाई कार्यक्रममा सैनिकबजार व्यवस्थापन समिति, भूपू सैनिक टोल विकास संस्था र स्थानीय अस्थायी प्रहरी चौकीको सहभागितामा सरसफाई भएको थियो।

संस्थाको सामुदायिक कार्यक्रम अन्तरगत सञ्चालित सरसफाई अभियान जनचेतना जगाउने उद्देश्यले सञ्चालन गरिएको सैनिकबजार सेवाकेन्द्र प्रमुख सन्तोष ढुंगानाले बताए। सैनिक बजारक्षेत्र हुँदै स्थानीय महेन्द्रज्योति माविको खेलमैदानसम्म सरसफाई गरिएको थियो।

सैनिकबजार सेवाकेन्द्रगत उपसमिति संयोजक मनु मुखियाको अध्यक्षतामा सम्पन्न सरसफाई कार्यक्रममा सैनिक बजार व्यवस्थापन समितिका अध्यक्ष अनुत सुब्बा, प्रहरी सहायक निरीक्षक नरेन्द्र चौधरी, समाजसेवी किरण सुब्बा, सेवाकेन्द्रगत उपसमिति सदस्य टीकाराम दंगाल, एकाइ नं. १ र २ का पदाधिकारी तथा सदस्य, कर्मचारी लगायतको सहभागिता रहेको बजार प्रतिनिधि चन्द्रबहादुर राईले जानकारी दिए।

# ट्याक्टर दुर्घटना सह-चालकको मृत्यु

**भोजपुर, पुस २१।** भोजपुरको रामप्रसाद राई गाउँपालिका-५ हिमाङमा भएको ट्याक्टर दुर्घटनमामा परी सोही ट्याक्टरका सह-चालकको मृत्यु भएको छ।

भोजपुरबाट घोडेटार जाँदै गरेको प्रदेश १-०२-००३ त ९४० नम्बरको टयाक्टर आफै अनियन्त्रित भई पल्टिँदा ट्याक्टरका सह-चालक हतुवागढी गाउँपालिका-१ का रञ्जित सार्कीको घटनास्थलमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ।

घटना सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।


## होटल बिक्रीमा

बिर्तामोड शनिश्चरे रोड राष्ट्रिय वाणिज्य बैंक अगाडि अति चालू अवस्थामा रहेको श्री ब्रोदर्स रेष्ट्रेन्ट एण्ड सेकुवा कर्नर बिक्रीमा छ।
सम्पर्क : ९८०८३२७४५०

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।



सम्पर्कः ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

## थाहै नपाई जाँडरक्सीको कुलतबाट मुक्त

साथै यौवन कमजोरी, शिघ्रस्खलन, बाध नसा रोगी, पायल्स फिस्टुला, दम खोकी, चिनी रोग, पथरीया, प्रेसर, ग्याष्ट्रिक, कब्जीयत, महिलाहरुको पाठेघरको समस्या सेतो पानी बग्ने महिनावारी गडबढी सबैको उपचार हुन्छ।
कोरोनाको बन्दपछि पसल शनिश्चरेरोड शिखरबजार पछाडि सरेको छ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा**
शनिश्चरे रोड, शिखर बजार पछाडि बिर्तामोड, झापा
फोन : ९८४२६४३६१८, ९८१७९४१९७९, ९८०७९९४८८०

## डा. रामकुमार सिटौला

MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:00 बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : **कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर**
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोटः यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।

## आवश्यकता

यस कम्पनीलाई कार्यालय सञ्चालन र शाखा विस्तारका लागि केही कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।
**पदः** P.R.O. / MR
**योग्यता :** SEE / +2, सो सरह
**तलबः** १५०००।-
**कागजातः** नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, पीपी साइजको फोटो ५ प्रति।
सम्पर्कः **ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड-५, झापा शनिश्चरेरोड
फोन : ९८६६६७२५७९, ९८२९३१८७३६

## कर्मचारी चाहियो

एक नयाँ सैलुनका लागि कपाल काट्न जान्ने अनुभवी नाइ आवश्यकता परेकोले दक्ष व्यक्तिले तु-सम्पर्क गर्नुहोला।
सम्पर्क :- ९८०३४०१९७०

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।



सम्पर्कः
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२,
९८२४९८११७४,
९८४२६७७८५५,
९८६२६४८२८२

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## खुल्यो ! खुल्यो !! खुल्यो !!!

पर्फेक्ट ट्रेनिङ्ग सेन्टरद्वारा
दक्ष प्रशिक्षकबाट सेक्युरिटी ट्रेनिङ्ग तथा ड्राइभिङ्ग ट्रेनिङ्ग
तालिम पश्चात रोजगारीको व्यवस्था साथै
विभिन्न ठाउँको लागि २० पुरुष र २० महिला सेक्युरिटी गार्ड आवश्यक भएकाले इच्छुकले तु-सम्पर्क गर्नुहोला।



फोन : ९८०४९०५३१३, ९८२५९३४०१७, ९८०४७७१५६८, ९८५२६९००८७
स्थान : सुगम पम्प दक्षिण, देवी कलेज जाने बाटो स्यालडाँगी

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्कः ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३

## ठाकुर पोलिक्लिनिकमा

विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा

**डा. पिताम्बर ठाकुर**
MBBS MD (TU) NMC 1914 Consultant Physician
समयः दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि

हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ

यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।

पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा,
फोन नं. ०२३-५९०००८, ९८१७९६४७७१


## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| मछिन्द्रबहादुर कार्की समेत | दमक-८ | ९५५ | ०-४-० | जीवनी सतार/जीवन सतार |
| भीमबहादुर बुढाथोकी | शिवगञ्ज-७ | ११४४ | ०-२-० | जितमान राई |
| छेकनी राजवंशी | शिवगञ्ज-८ | १९७ | ०-३-० | छत्रबहादुर घिमिरे/छत्रबहादुर घिमिरे |
| छेकनी राजवंशी | शिवगञ्ज-८ | २०१ | ०-०-१५ | नन्दुलाल चौधरी |
| छेकनी राजवंशी | शिवगञ्ज-८ | १९८ | ०-०-५ | खुदुना राजवंशी |
| काविल गणेश | केचना-३ | ११९६ | २६०.०० | बौका मिया |
| जनकमाया खतिवडा | केचना-५ | ८५ | ३४०५.०० | भजनलाल राजवंशी/भगवान राजवंशी |
| | | १०२ | १६२५.०० | भजनलाल राजवंशी/भगवान राजवंशी |
| जनकमाया खतिवडा | केचना-५ | ८१ | ७५०.०० | भगवन राजवंशी |
| फररजन अली | टाघनडुब्बा-२ | १५८ | १४४.५२ | पिढु मण्डी सतार/पिढु मर्डी सतार |
| आजाद अली | टाघनडुब्बा-२ | ३५० | १३५४.५२ | पिढु मण्डी सतार/पिढु मर्डी सतार |
| अब्दुल वाहव | टाघनडुब्बा-२ | ३४९ | १०१५.८९ | पिढु मण्डी सतार/पिठु मण्डी सतार |
| महफुज आलम | टाघनडुब्बा-२ | ३४८ | ३३८.६३ | पिढु मण्डी सतार/पिठु मण्डी सतार |
| अब्ददुल रसीद | टाघनडुब्बा-२ | ३५२ | १६०१.२५ | पिढु मण्डी सतारर/पिठु मण्डी सतार |


## डाक्टर आउने बारेको सूचना

**डा. दिपायन पाण्डे**
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

**डा. मुक्ति आचार्य**
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो
र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

**मेडिसिटी फार्मेसी**
भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५


## बिर्तामोड नगरपालिका-५ बस्ने सन्तोष सुवेदीको नाममा जारी गरिएको ७ दिने सूचना

झापा जिल्ला बिर्तामोड नगरपालिका वडा नं. ५ स्थित ज्ञानु प्रसाईको नाममा दर्ता कायम रहेको जग्गामा बनेको घरको तेस्रो तलामा फ्ल्याट भाडामा लिई अस्थाई रुपमा बसिरहनुभएका तपाई सन्तोष सुवेदी (स्थायी ठेगाना चितवन नपा-११ रहेको) मिति २०७६।०६।०५ देखि घर भाडा नतिरी कोठामा तालाबन्दी गरी बिना सूचना सम्पर्कविहीन हुनुभएकोमा बिर्तामोड न.पा. वडा नं. ५ बस्ने शिवहरि ढुंगेलले मिति २०७८।०९।०९ मा उक्त बन्द कोठा खुलाई पाउन यस वडा कार्यालयमा माग निवेदन दर्ता गरे बमोजिम तपाई सन्तोष सुवेदीको नाममा ७ दिने सूचना प्रकाशित गरिएको छ। उक्त घर के-कति कारणबाट बन्द गरिएको हो, बाटोको म्याद बाहेक ७ दिनभित्रमा लिखित जवाफ दिनुहुन जानकारी गराइन्छ। अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा समेत जानकारी गराइन्छ।

**बिर्तामोड नगरपालिका ५ नं. वडा कार्यालय**
बिर्तामोड, झापा


## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को पाट्र्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)


## कर्मचारी आवश्यकता

यस सम्योग सम्वृद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. भद्रपुर-१०, चन्द्रगढी झापाको हल्दीवारी सेवाकेन्द्र, बिर्तामोड सेवाकेन्द्र र शनिश्चरे सेवाकेन्द्रका लागि तपशिल बमोजिमका मेहनती, इमान्दार, दक्ष तथा अनुभवि कर्मचारी आवश्यकता भएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट निवेदन आह्वान गरिन्छ।

| क्र.स | पद | उमेर | न्यूनतम शैक्षिक योग्यता | तालिम तथा अनुभव | सेवा केन्द्र | संख्या | निवेदन शुल्क |
|---|---|---|---|---|---|---|---|
| १. | सेवा केन्द्र प्रमुख | २१ वर्ष पूरा भई ४० ननाघेको। | कम्तिमा BBS पास वा सो सरह | कम्प्युटर सम्बन्धि आधारभूत तालिम, सम्बन्धित क्षेत्रमा दक्ष तथा अनुभव भएको। | हल्दीबारी सेवाकेन्द्र | १ जना | रु ५००।- फिर्ता नहुने गरी |
| | | | | | शनिश्चरे सेवाकेन्द्र | १ जना | |
| २. | क्यासियर | १८ वर्ष पूरा भई ४० ननाघेको। | कम्तिमा BBS पास वा सो सरह | कम्प्युटर सम्बन्धि आधारभूत तालिम, सम्बन्धित क्षेत्रमा दक्ष तथा अनुभव भएको। | हल्दीबारी सेवाकेन्द्र | १ जना | रु ४००।- फिर्ता नहुने गरी |
| | | | | | विर्तामोड सेवाकेन्द्र | १ जना | |
| | | | | | शनिश्चरे सेवाकेन्द्र | १ जना | |
| ३. | रिसेप्सनिष्ट | १८ वर्ष पूरा भई ४० ननाघेको। | कम्तिमा +2 पास वा सो सरह। | कम्प्युटर सम्बन्धि आधारभूत तालिम, सम्बन्धित क्षेत्रमा दक्ष, काम गर्न सक्ने | विर्तामोड सेवाकेन्द्र | १ जना | रु ३००।- फिर्ता नहुने गरी |
| ४. | वजार प्रतिनिधि | १८ वर्ष पूरा भई ४० ननाघेको। | कम्तिमा SLC/SEE पास वा सो सरह। | सम्बन्धित क्षेत्रमा दक्ष तथा काम गर्न सक्ने | विर्तामोड सेवाकेन्द्र | ४ जना | रु २००।- फिर्ता नहुने गरी |
| | | | | | शनिश्चरे सेवाकेन्द | २ जना | |
| | | | | | हल्दीबारी सेवाकेन्द | २ जना | |
| ५. | कार्यालय सहयोगी | १८ वर्ष पूरा भई ४० ननाघेको | कक्षा आठ पास वा सो सरह | तालिम तथा अनुभव नचाहिने | विर्तामोड सेवाकेन्द्र | १ जना (महिला) | रु २००।- फिर्ता नहुने गरी |

**आवेदन पाइने/बुझउने स्थानः-** संस्थाको कार्यालय चन्द्रगढी, झापा २०७८ पौष २२ र २३ गते दिउँसो १२:०० बजेदेखि २:०० बजेसम्म हल्दिबारी र शनिश्चरेका लागि हल्दिबारी ९८१३६०५१८५ र शनिश्चरे ९८४२७५२४२६ सम्पर्क गरी आवेदन बुझाउन सकिने छ।
**तलब :-** संस्थाको नियमानुसार।
**आवश्यक कागजपत्र :-** शैक्षिक प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, अनुभवको प्रमाणपत्र, बायोडाटा, पासपोर्ट साइजको फोटो ३ प्रति, हस्तलिखित निवेदन।
**छनौट प्रक्रिया :-** लिखित, प्रयोगात्मक र अन्तरवार्ता। **निवेदन दिने अन्तिम मितिः-** २०७८ पौष २३ गते शुक्रबारसम्म।
नोट : सहकारी क्षेत्रमा काम गरेका, स्थानिय साथै मोटरसाइकल, स्कुटरको लाइसेन्स भएकालाई विषेश प्राथमिकता दिइने छ।
**थप जानकारीका लागिः-** ०२३-४५५६२१, ९८१४९५८६१८, ९८४२६२६३२५, ९८४२१०४२८३
**इमेलः** ssmultipurpose2021@gmail.com
**पदपूर्ति उपसमिति**



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ,।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
कार्यसिद्धि हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा बृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, आजको दिन कसैसँग वादविवाद नगर्नुहोला।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउने छ, बोलीको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, प्रशंसकहरू बढ्ने छन्।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
बोलीमा पिचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनिन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
दिन शुभफलदायी रहेको छ, मान प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
मनमा खटपटी पैदा हुनेछ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दूरीको यात्रा हुनेछ, मन हर्षित रहला।

[redacted] (भो, ज, जि, खि, [redacted]
[redacted] उपयोगले धन अ[redacted]ो छ,
[redacted]ो दिन फाइदाजनक [redacted]विचार
[redacted] गर्नाले धेरै प्रभावित [redacted]
[redacted] (गु, गे, गो, सा, सि[redacted]
[redacted]धन लाभको योग छ, [redacted]ावमा
[redacted]नेछ, मिष्ठान्न भोजनक[redacted]हला।
[redacted]दि, दु, थ, झ, ञ, [redacted]
[redacted]ो दिन मिश्रित फल[redacted]आँखा
[redacted]ो समस्याले सताउन [redacted]हयोग
[redacted]हुनेछ।